# समाजशास्त्रीय दृष्टिमा 'कर्तव्य' कथा


प्रकाशचन्द्र खत्री[1]

[1]उपप्राध्यापक
त्रिभुवन विश्वविद्यालय
विद्यावारिधि शोधार्थी त्रि.वि.कीर्तिपुर
pkkhatri074@gmail.com
ORCID ID: 0009-0004-0865-3804



Received: 29 April 2026
Revised: 21 May 2026
Accepted: 19 June 2026
Published: 28 July 2026



This is an open access article distributed under the terms and conditions of the Creative Commons Attribution (CC BY NC)
https://creativecommons.org/licenses/by/4.0



JANAJYOTI JOURNAL
**(जनज्योति जर्नल)**
ISSN : 2961-1563
eISSN : 3102-0275
https://www.nepjol.info/index.php/jj
Printed at : July, 2026
Published by :
RMC
JANAJYOTI MULTIPLE CAMPUS
Lalbandi, Sarlahi, Nepal
www.jjmc.edu.np


## लेखसार


*प्रस्तुत लेख गुरुप्रसाद मैनालीद्वारा रचित 'कर्तव्य' कथामा प्रतिबिम्बित सामाजिक यथार्थ र दृष्टिकोणको विश्लेषणमा आधारित छ । यस कथामा समाजमा घट्ने यथार्थ घटनालाई चित्रण गरी पैतृक सम्पत्तिका कारणले दाजुभाइबिचको विभाजनले नेपाली ग्रामीण समाजमा पारेको प्रभावलाई यसमा उजागर गरिएको छ । नैतिक आदर आत्मसात गर्ने पुरानो पुस्ता र प्रगतिशील भन्ने नयाँ पुस्ताबिचको वर्गीय द्वन्द्वलाई प्रस्तुत गर्दै नेपाली ग्रामीण समाजमा घटेको घटनालाई यथार्थवादी दृष्टिकोणबाट प्रस्तुत गर्दै समाजमा रहेको दुई वर्ग वा समुदायको वा दुई पुस्ता यहाँ प्रस्तुत भएको छ । आदर्शोन्मुख यथार्थवादी धाराका प्रवर्तक मैनालीले यस कथामा ग्रामीण नेपाली समाजको पारिवारिक संरचना, दाजुभाइबिचको सम्बन्ध र व्यक्तिगत स्वार्थमाथि सामाजिक उत्तरदायित्वको विजयलाई चित्रण गरेका छन् । 'कर्तव्य' कथामा अन्तर्निहित सामाजिक मूल्य र नैतिक चेतनाको विश्लेषण गर्नु यस आलेखको मुख्य उद्देश्य रहेको छ । यस अध्ययनले गुणात्मक विधिलाई अवलम्बन गरी कथाभित्रका सामाजिक द्वन्द्व, पितृसत्तात्मक मर्यादा र नैतिक मूल्यहरूको समाजशास्त्रीय व्याख्या गरेको छ । प्रकार्यवादी सिद्धान्त र सामाजिक अन्तर्क्रियावादलाई सैद्धान्तिक आधार मानेर यस कथालाई विश्लेषण गरिएको छ । पितृसत्तात्मक दृष्टिकोण, भाइचाराको सम्वन्ध र त्यागको संस्कृतिलाई प्राप्तिका रूपमा*



Preferred Citation:
Khatri, P. (2026). समाजशास्त्रीय दृष्टिमा 'कर्तव्य' कथा {The story of 'Kartawya' from a sociological perspective}. *Janajyoti Journal*, 4(1), 223-239. https://doi.org/10.3126/jj.v4i1.98936

*लिइएको यस कथाले व्यक्तिगत स्वतन्त्रताभन्दा सामाजिक सद्भाव र कर्तव्य पालना नै सुखी समाजको आधार हो भन्ने दृष्टिकोण अघि सारेर साहित्यका समाजशास्त्रीय दृष्टिलाई मात्र मूल आधार बनाएर विश्लेषण गरेको छ ।*

***मुख्य शब्दावलीहरू :*** आदर्शोन्मुख यथार्थवाद, कर्तव्यनिष्ठा, नैतिक मूल्य, पारिवारिक विग्रह, पितृसत्ता, वर्गीय द्वन्द्व ।

## Abstract

*The present article is based on the analysis of the social reality and perspective reflected in the short story Kartavya (Duty) written by Guruprasad Mainali. The story portrays real-life social events and highlights the impact of the division among brothers over ancestral property on Nepali rural society. By presenting the class conflict between the older generation, which internalized moral values and respect, and the younger generation, which considers itself progressive, the story realistically depicts social events occurring in rural Nepal and presents two distinct classes, communities, or generations within society. As a pioneer of ideal-oriented realism, Mainali illustrates in this story the family structure of rural Nepali society, the relationship between brothers, and the triumph of social responsibility over personal interests. The main objective of this article is to analyze the social values and moral consciousness embedded in the story Kartavya. Adopting a qualitative research approach, the study provides a sociological interpretation of the social conflicts, patriarchal norms, and moral values reflected in the story. The story has been analyzed by taking functionalist theory and symbolic interactionism as its theoretical foundations. Considering the patriarchal perspective, brotherhood, and the culture of sacrifice as its major findings, the story advances the view that social harmony and the fulfillment of duties, rather than individual freedom alone, form the foundation of a happy society. The analysis is primarily based on the sociological perspective of literature.*

***Keywords:*** idealistic realism, conscientiousness, moral values, family idolatry, patriarchy, class conflict

## पृष्ठभूमि

नेपाली कथाको आधुनिक कालखण्डमा गुरुप्रसाद मैनाली (१८५७-२०५८) एक युगान्तकारी व्यक्तित्व हुन् । उनले १९८६ देखि नै कथा लेख्न थाले पनि १९९२ सालमा शारदा पत्रिकामा प्रकाशित 'नासो' उनको पहिलो प्रकाशित कथा हो । उनको 'नासो' कथा सङ्ग्रहले नेपाली ग्रामीण जीवनको जीवन्त प्रतिनिधित्व गर्दछ । नेपाली समाजको यथार्थ तथा वास्तविकतालाई मुख्य विषयवस्तु बनाई कथा लेख्ने कथाकार मैनालीका विभिन्न समयमा विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका एघारओटा कथाहरू ताना शर्माको सम्पादनमा पहिलो पटक नासो कथासङ्ग्रह (२०२६) मा सङ्ग्रहित गरिएका छन् । ती कथाहरू क्रमशः नासो (१९९२), छिमेकी (१९९३), प्रायश्चित (१९९३), बिदा (१९९५), परालको आगो (१९९५), पापको परिणाम (२००२), सहिद (२००८), प्रत्यागमन (२०१०), कर्तव्य (२०२०), अभागी (२०२०), चिताको ज्वाला (२०२०) हुन् । माध्यमिककालीन कथा प्रवृत्तिभन्दा भिन्न किसिमका कथा सिर्जनाद्वारा आधुनिकताको सूत्रपात गर्ने मैनालीका कथाहरू सङ्ख्यात्मक रूपमा कम भए पनि गुणाात्मकताका दृष्टिले विशेष महत्त्वका रहेका छन् । सामाजिक विषयवस्तुमा रचित एघार कथाहरूको सङ्कलन गरिएको 'नासो' (२०२०) सङ्ग्रहमा प्रकाशित चर्चित कथाहरूमध्ये एक 'कर्तव्य' विभिन्न सन्दर्भहरूको युक्तिपूर्ण संयोजन गरिएको कथा हो । सामाजिक यथार्थवादी विषयवस्तु र आदर्शोन्मुख यथार्थवादी भावाभिव्यक्तिका कथाकार मैनालीका कथामा सामाजिक मूल्यमान्यता, पारिवारिक समस्या, सामाजिक-आर्थिक द्वन्द्व आदिजस्ता सन्दर्भहरूको प्रभावकारी चित्रण गरिएको छ । प्रस्तुत कथाले मूलतः नेपाली ग्रामीण समाजको परिवेशमा संरचित पारिवारिक द्वन्द्व, सामाजिक, सांस्कृतिक सन्दर्भलाई अत्यन्त सटिक र मार्मिक रूपमा प्रस्तुत गरको छ । यस कथाले नेपाली समाज र सन्दर्भलाई विषयवस्तु, चरित्र, घटना र परिवेशका माध्यमबाट विविध अर्थ सन्दर्भहरूको सशक्त उद्घाटन गरेको छ । सामाजिक सम्बन्ध र सन्दर्भको निर्माण, दाजुभाइबिचको सम्बन्ध, पिताको सेखपछि जिउनी अंशबण्डाको झैझगडा र त्यसको परिणति, सामाजिक मर्यादा, कुलइज्जतको रक्षाका लागि परिवारको अभिभावकले निर्वाह गर्नुपर्ने कर्तव्य र दायित्वबोध आदिजस्ता घटना, सहभागीका क्रियाकलाप, पात्रका संवाद र परिवशका माध्यमले कथामा विभिन्न परिस्थितिगत सन्दर्भहरूको सिर्जना भएको छ भने ती सन्दर्भहरूले पाठमा सान्दर्भिक अर्थ प्रदान गरेका छन् । यसरी वैयक्तिक, पारिवारिक, सामाजिक, सांस्कृतिक तथा मानसिक परिवेशका विविध सन्दर्भहरू उल्लेख भएका कारणले 'कर्तव्य' कथाको सन्दर्भपरक विश्लेषण गर्नु उपयुक्त रहेको छ ।

मैनालीका यी कथाले मध्ययुगीन भावुक आदर्शवादी प्रवृत्तिको पूर्ण परित्याग गरी नेपाली समाज, जीवन र परिवेशलाई आत्मसात् गर्ने नवीन मूल्य र मान्यतालाई अवलम्बन गरेको देखिन्छ ।

त्यसैले मैनालीलाई आधुनिक नेपाली कथाका प्रवर्तक तथा प्रथम नेपाली आधुनिक कथाकार पनि भनिन्छ । मैनालीका अधिकांश कथामा उनले देखेको तथा निकटबाट सुनेको ग्रामीण तथा सहरिया नेपाली सामाजिक जीवनको अवलोकन तथा पर्यवेक्षण पाइन्छ। उनका यी कथाको विभिन्न दृष्टिकोणबाट अध्ययन गरिएको र गर्न सकिने भए तापनि यस अध्ययनमा कर्तव्य कथालाई समाजशास्त्रीय दृष्टिकोणबाट अध्ययन गरिएको छ ।

कर्तव्य कथा नासो कथासङ्ग्रहमा सङगृहित एक उत्कृष्ट कथा हो। प्रस्तुत आलेखमा साहित्यकार समाजशास्त्रीय व्याख्याता लुसिएँ गोल्डमानका विश्वदृष्टि, म्याक्स वेबरका समाजशास्त्रीय सिद्धान्त र इमाइल दुर्खिमको 'सामाजिक ऐक्यबद्धता' को सिद्धान्तसम्बन्धी मान्यतालाई आधार बनाएर त्यसै कोणबाट यस कथाको विश्लेषण गरिएको छ । यसर्थ यो एक प्रकारले कर्तव्य कथाको समाजशास्त्रीय र सामाजिक ऐक्यबद्धताको विश्लेषण पनि हो । समाजशास्त्रीय अध्ययनका विभिन्न मोडेल छन् र गोल्डमानकै सन्दर्भमा पनि आख्यानको समाजशास्त्रीय अध्ययनका विभिन्न पक्ष र आधार रहेका छन् ।

नासो कथा सङ्ग्रहमा सङ्ग्रहित 'कर्तव्य' कथा विशेष गरी दाजुभाइबिचको पैतृक सम्पत्ति मोह र त्यसले उत्पन्न गर्ने सामाजिक दूरीमा आधारित छ । समाजशास्त्रीय दृष्टिले हेर्दा, मानिस एक सामाजिक प्राणी हो र उसका प्रत्येक क्रियाकलाप समाजको मूल्यमान्यताद्वारा निर्देशित हुन्छन् (मैनाली, २०७१) । यस लेखमा कथामा व्यक्त सामाजिक चेतना र त्यसको सान्दर्भिकताको खोजी गरेको सन्दर्भलाई समाजशास्त्रीय दृष्टिकोणबाट हेरिएको छ ।

## समस्याकथन

नेपाली ग्रामीण समाजको यथार्थ चित्रण गर्न सिद्धहस्त कथाकार गुरुप्रसाद मैनालीको 'कर्तव्य' कथाले मानवीय मूल्य, नैतिकता र सामाजिक उत्तरदायित्वको द्वन्द्वलाई प्रस्तुत गरेको छ। यस कथामा मुख्य समस्याका रूपमा "व्यक्तिगत स्वार्थ र सामाजिक कर्तव्यबिचको टकराब" लाई देखाइएको छ । समाजमा मानिसले आफ्नो नातागोता वा व्यक्तिगत सम्बन्धभन्दा माथि उठेर सामाजिक न्याय र कर्तव्यलाई कसरी पालन गर्नुपर्छ भन्ने प्रश्न कथाको केन्द्रीय पक्ष हो । विशेषगरी, ग्रामीण समाजमा देखिने कलह, जमिनसम्बन्धी विवाद र न्यायका लागि सत्यको पक्ष लिनुपर्दा आइपर्ने व्यावहारिक कठिनाइहरूलाई यस अध्ययनमा समस्याका रूपमा उठाइएको छ। के आधुनिक समाजमा पनि मैनालीले देखाएको जस्तो निस्वार्थ कर्तव्यबोध जीवित छ ? वा सामाजिक संरचनाले मानिसलाई कर्तव्यच्युत बनाउँदै लगेको छ ? भन्ने विषय नै यस अध्ययनको मुख्य समस्या हो ।

## अध्ययनका उद्देश्यहरू

प्रस्तुत अध्ययनको मुख्य उद्देश्य गुरुप्रसाद मैनालीको 'कर्तव्य' कथामा अन्तर्निहित सामाजिक मूल्य र नैतिक चेतनाको विश्लेषण गर्नु रहेको छ। ग्रामीण परिवेशमा घटेका घटनाक्रमहरूले मानवीय कर्तव्यलाई कसरी परिभाषित गर्छन् भन्ने पक्षलाई उजागर गर्नु यस अध्ययनको ध्येय रहेको छ । यस

अध्ययनका विशिष्ट उद्देश्यहरू निम्नबमोजिम रहेका छन् :

- कर्तव्य' कथामा चित्रण गरिएको तत्कालीन नेपाली ग्रामीण समाजको सामाजिक संरचना र वर्गीय स्वरूपको पहिचान गर्नु ।
- कथाका पात्रहरूको माध्यमबाट व्यक्तिगत स्वार्थ र सामाजिक न्याय बिचको द्वन्द्वलाई केलाउनु ।
- कथाकारले स्थापित गर्न खोजेको आदर्शोन्मुख यथार्थवाद र नैतिक मूल्यको सान्दर्भिकता पुष्टि गर्नु ।

## अध्ययन विधि

प्रस्तुत आलेख तयार पार्नका लागि गुणात्मक अनुसन्धान पद्धति अवलम्बन गरिएको छ । यस अध्ययनमा प्राथमिक स्रोतका रूपमा गुरुप्रसाद मैनालीको 'कर्तव्य' कथाको मूल पाठलाई गहन रूपमा पठन र विश्लेषण गरिएको छ। अध्ययनलाई व्यवस्थित बनाउन समाजशास्त्रीय आलोचनात्मक पद्धतिको प्रयोग गरिएको छ । यसले कथामा चित्रित तत्कालीन नेपाली समाजको वर्ग, जात र नैतिक मूल्यको अध्ययन गर्दछ। समग्रमा सामग्री सङ्कलनार्थ पुस्तकालय कार्य र इन्टरनेटको माध्यमलाई अपनाइएको छ। कथासँग सम्बन्धित पूर्वकार्य र समालोचनाहरूको अध्ययन गरी कथामा व्यक्त आदर्श र यथार्थतालाई सामाजिक दृष्टिकोणबाट विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## साहित्यको पुनरावलोकन

साहित्य र समाजको सम्बन्धलाई बुझ्न विभिन्न अनुसन्धानकर्ता र समालोचकका दृष्टिकोणहरू महत्त्वपूर्ण मानिन्छन् । उनको 'कर्तव्य' कथाका सम्बन्धमा विभिन्न समालोचकहरूले फरक-फरक दृष्टिकोणबाट विमर्श गरेका छन् । विशेष गरी आदर्शोन्मुख यथार्थवादको कसीमा यस कथालाई बढी व्याख्या गरेको पाइन्छ ।

उप्रेती (२०६८) का अनुसार साहित्यिक सिद्धान्तहरूले समाज र राजनीतिका विविध आयामलाई सैद्धान्तिक रूपमा स्पष्ट पार्छन् । उनको यो भनाइ 'कर्तव्य' कथामा दुरुस्तै मेल खान्छ । कथामा जेठा भाइ मुरलीधर र कान्छा भाइ श्रीधरबीचको अंशबन्डाको झगडा केवल पारिवारिक कलह मात्र होइन । यसले समाजमा कानुनी र राजनीतिक पहुँचका आधारमा कसरी शक्तिको नयाँ खेल सुरु हुँदै थियो भन्ने कुरालाई देखाउँछ । श्रीधरले अदालतको सहारा लिएर दाजुलाई अन्याय गर्नुले समाजको यही बदलिँदो शक्ति संरचनालाई स्पष्ट पारेको छ ।

क्षेत्री (२०६४) ले आख्यानको समाजशास्त्रीय अध्ययनमा सामाजिक यथार्थको भूमिका माथि प्रकाश पारेका छन् । 'कर्तव्य' कथा काल्पनिक नभएर तत्कालीन नेपाली ग्रामीण समाजको एउटा जीवन्त ऐना हो । कथामा देखाइएको जिउनी प्रथा, संयुक्त परिवार फुट्ने अवस्था र सम्पत्तिको लोभले नेपाली समाजको तत्कालीन वास्तविक धरातललाई हुबहु प्रस्तुत गरेको छ । क्षेत्रीले भने झैं, मैनालीका

पात्रहरूले समाजकै यथार्थ सोच र व्यवहारलाई प्रतिनिधित्व गरेका छन् ।

जैन (१९९२) ले साहित्यको समाजशास्त्रीय चिन्तनमा पाश्चात्य सिद्धान्तहरूको सान्दर्भिकता उल्लेख गरेकी छिन् । पाश्चात्य सामाजिक सिद्धान्तहरूले समाजलाई जोड्ने नैतिक मूल्य र नियमहरूको खोजी गरे झैं 'कर्तव्य' कथाले पनि समाजको त्यही पाटोलाई समातेको छ । कथाको अन्त्यमा श्रीधर बिरामी पर्दा मुरलीधरले आफ्नो रिसराग भुलेर भाइको सेवा गर्छ । यसले समाजमा कानुनी जितभन्दा मानवीय नाता र सामाजिक 'कर्तव्य' नै सधैं माथि हुन्छ भन्ने सन्देश दिएर समाजमा एकता पुनर्स्थापित गरेको देखिन्छ ।

समालोचक शर्मा (२०६५) का अनुसार मैनालीका कथाहरूमा नेपाली गाउँघरको सुगन्ध र त्यहाँका मानिसहरूको स्वाभाविक चित्रण पाइन्छ । 'कर्तव्य' कथामा पनि ग्रामीण समाजमा व्याप्त मुक्केबाजी, इख र रिसरागलाई यथार्थपरक ढङ्गले देखाइएको छ । यद्यपि मैनालीले कथाको अन्त्यमा पात्रहरूको हृदय परिवर्तन गराएर आदर्शको स्थापना गरेका छन् । यसलाई शर्माले मैनालीको मौलिक विशेषता मानेका छन् ।

त्रिपाठी (२०४८) ले मैनालीका कथामा पाइने मानवीय संवेदना र नैतिक चेतनामा जोड दिएका छन् । उनका अनुसार 'कर्तव्य' कथाको मुख्य सन्देश नै मानिसले आफ्नो सङ्कीर्ण स्वार्थ र नातावादबाट माथि उठेर सत्यको पक्ष लिनु हो । यस कथामा वर्णित कानुनी झमेला र साक्षी बस्दाको द्वन्द्वले तत्कालीन नेपाली समाजको कानुनी साक्षरता र नैतिक धरातललाई उजागर गरेको देखिन्छ ।

पौडेल (सन् १९२१) का अनुसार आधुनिक कथाका प्रणेता गुरुप्रसाद मैनालीद्धारा लिखित कर्तव्य कथा सामाजिक यथार्थवादी र आदर्शोनमुख दृष्टिकोणल भरिएको एत्कृष्ट रचना हो । यस कथामा तत्कालीन नेपाली ग्रामीण समाजको सजीव चित्रण गर्दै मानवीय मूल्य र कर्तव्यको महत्त्वलाई प्रष्ट पारेका छन् ।

लुइँटेल (२०६०) का अनुसार मैनालीका कथाहरू नेपाली ग्रामीण समाजका जीवन्त दस्तावेज हुन् । 'कर्तव्य' कथामा तत्कालीन नेपाली समाजको वास्तविक स्वरूप, त्यहाँको गरिबी र मानिसहरूका आपसी सम्बन्धलाई यथार्थपरक ढङ्गलाई चित्रण गरेका छन् ।

अन्य समालोचकीय दृष्टिकोणबाट हेर्दा बन्धु (२०६२) ले यस कथालाई सामाजिक सद्भावको कसीमा राखेर हेरेका छन् । उनले मैनालीका पात्रहरूमा पाप र धर्म बिचको द्वन्द्व चल्ने र अन्ततः धर्म वा कर्तव्यकै विजय हुने कुरा उल्लेख गरेका छन् । 'कर्तव्य' कथामा पनि एक पात्रले आफ्नो शत्रु भए पनि सत्यको रक्षाका लागि अदालतमा सही बयान दिनुलाई बन्धुले उच्च मानवीय चरित्रको पराकाष्ठा मानेका छन् ।

यसरी पूर्ववर्ती साहित्यको अध्ययन गर्दा के कुरा स्पष्ट हुन्छ भने 'कर्तव्य' कथा केवल एउटा घटनाको वर्णन मात्र नभई यो सामाजिक न्याय र व्यक्तिगत नैतिकताबिचको एउटा गहन दार्शनिक बहस पनि हो । अधिकांश अध्ययनहरूले यसलाई नैतिकता र आदर्शको पाटोबाट मात्र हेरेको देखिन्छ ।

प्रस्तुत अध्ययनमार्फत यस कथाले तत्कालीन र वर्तमान नेपाली समाजको न्यायिक चेतना र सामाजिक सम्बन्धको संरचनामा पार्ने प्रभावलाई थप विस्तृत रूपमा केलाउने प्रयास गरेको छ ।

## सैद्धान्तिक आधार

लुसिएँ गोल्डमान (सन् १९१३-१९७१) नवमार्क्सवादी फ्रान्सेली चिन्तक हुन् । मार्क्सवादका विचार तथा सिद्धान्तबाट प्रभावित भएर उनले मार्क्सवादको वर्गसङ्घर्ष र वर्गचेतनासम्बन्धी मान्यतामा फरक दृष्टि राख्दै उनले आफ्ना साहित्यसम्बन्धी चिन्तनलाई समाजशास्त्रीय स्वरूप दिने काम गरेका छन् । गोल्डमान (सन् १९७५) का अनुसार साहित्यिक कृतिले तत्कालीन समाजको मानसिक वा वैचारिक संरचनालाई प्रस्तुत गर्दछ । यसै दृष्टिबाट हेर्दा 'कर्तव्य' कथाका पात्रहरूले देखाउने द्वन्द्व र तिनीहरूको सामाजिक दायित्वबोध तत्कालीन वर्ग-सम्बन्ध र परम्परागत नेपाली समाजको सामाजिक मूल्य-मान्यताको उपज हो भन्न सकिन्छ । यसै परिप्रेक्ष्यमा उनलाई साहित्यिक समाजशास्त्री वा साहित्यको समाजशास्त्रका व्याख्याताका रूपमा चिनिन्छ । उनको सिद्धान्तलाई उत्पत्तिमूलक संरचनावाद भनिन्छ । यसभित्र साहित्य विश्लेषणका विभिन्न आधार छन् तर तीमध्ये विश्वदृष्टि उनको सबैभन्दा प्रमुख मान्यता हो । उनी के मान्छन् भने प्रत्येक कृति लेखकको सिर्जना हो र त्यसले लेखकका विचार तथा अनुभूतिलाई व्यक्त गर्छ तर त्यो लेखकको नितान्त आफ्ना हुँदैन । ऊ समाज तथा वर्गका अन्यव्यक्तिको चिन्तनबाट प्रभावित हुन्छ । तिनलाई लेखकले आफ्ना वर्ग/समुदाय/समूह र समाजका अन्य व्यक्तिहरूका विचार र भावसँग जोडेर प्रस्तुत गर्छ । साहित्यिक कृतिले सामूहिक चेतना वा परावैयक्तिक चेतनालाई अभिव्यक्त गर्छ । त्यो लेखकको निजी निर्मिति होइन अपितु त्यस वर्ग वा समुदायका अन्य व्यक्ति पनि त्यस विश्वदृष्टिमा सहभागी हुन्छन् र एउटा वर्ग/समुदायको पूर्णतम सम्भावित चेतनाबाटै विश्वदृष्टिको निर्माण हुन्छ । विश्वदृष्टिको यो धारणा गोल्डमानको समाजशास्त्रको मूलभूत पक्ष हो ।

समाजशास्त्रीय 'प्रकार्यवाद' को सिद्धान्तअनुसार समाजका प्रत्येक एकाइले निश्चित भूमिका निर्वाह गर्दा मात्र सामाजिक सन्तुलन कायम रहन्छ । 'कर्तव्य' कथामा परिवारलाई एउटा सानो सामाजिक एकाइका रूपमा हेरिएको छ । यहाँ जेठो दाजु (नारायण) र भाइ (वासुदेव) का आआफ्नै सामाजिक भूमिकाहरू छन् । वासुदेवले आफ्नो व्यक्तिगत चाहना र अंशको खोजी गरेपछि परिवारको परम्परागत संरचनामा विचलन आउँछ । यद्यपि, कथाको अन्त्यमा वासुदेवले आफ्नो कर्तव्यबोध गरी दाजुको संरक्षणमा फर्कनुले समाजमा पुनः सन्तुलन र स्थिरता ल्याउने कार्य गर्दछ । यसलाई प्रकार्यवादीहरूले सामाजिक व्यवस्थाको निरन्तरता मान्दछन् (पाण्डे, २०७८) ।

इमाइल दुर्खिमको 'सामाजिक ऐक्यबद्धता' को सिद्धान्त यस कथाको विश्लेषणका लागि अर्को बलियो आधार हो । ग्रामीण समाजमा मानिसहरू धर्म, परम्परा र रगतको नाताले बाँधिएका हुन्छन्, जसलाई दुर्खिमले 'यान्त्रिक ऐक्यबद्धता' भनेका छन् । श्रीधरले दाजुसँग अलग्गिने निर्णय गर्दा उनलाई कानुनी अधिकार भए तापनि समाजको 'सामूहिक चेतना' ले उनलाई नैतिक रूपमा दबाब दिन्छ । समाजमा एउटा भाइले दाजुको आज्ञा उल्लङ्घन गर्नुलाई सामाजिक अपराधका रूपमा हेरिन्छ ।

त्यसैले श्रीधरको पश्चात्ताप केवल व्यक्तिगत भावना मात्र नभई सामाजिक ऐक्यबद्धता कायम राख्ने एउटा मनोवैज्ञानिक औजार हो (श्रेष्ठ, २०७५) ।

म्याक्स वेबरको समाजशास्त्रीय सिद्धान्तअनुसार मानिसका क्रियाकलापहरू 'सामाजिक क्रिया' का रूपमा आएपछि मात्रै अन्य व्यक्तिहरूको व्यवहारबाट प्रभावित हुन्छन् र अर्थपूर्ण हुन्छन् । 'कर्तव्य' कथाका मुख्य पात्र वासुदेवको सुरुवाती व्यवहारलाई वेबरको 'मूल्य-तार्किक क्रिया' र 'परम्परागत क्रिया' बिचको द्वन्द्वका रूपमा हेर्न सकिन्छ । वासुदेवले आफ्नो अंश खोज्नुमा व्यक्तिगत स्वार्थ र आधुनिक व्यक्तिवादी चेत देखिन्छ तर अन्त्यमा उनले गर्ने पश्चात्ताप र दाजुको शरणमा जाने निर्णय वेबरले भने झैँ समाजको 'नैतिक मूल्य' र 'परम्परा' द्वारा निर्देशित छ। वासुदेवले आफ्नो क्रियालाई समाजले कसरी हेर्छ भन्ने कुरालाई महसुस गरेपछि मात्र उनको व्यवहारमा परिवर्तन आउँछ। यसले नेपाली समाजमा व्यक्तिभन्दा सामाजिक मूल्य प्रणाली शक्तिशाली हुन्छ भन्ने वेबरको मान्यतालाई पुष्टि गर्दछ (मैनाली, १९७१; सुवेदी, सन् २०१५) ।

कथामा देखिने दाजुभाइबिचको विवादलाई समाजशास्त्रीय 'द्वन्द्व सिद्धान्त' को कोणबाट पनि हेर्न सकिन्छ । यसले स्रोत र साधन (सम्पत्ति) को बाँडफाँडले सम्बन्धमा दरार उत्पन्न गर्दछ तर मैनालीले यस्तो द्वन्द्वलाई कानुनी लडाइँ (औपचारिक नियन्त्रण) बाट भन्दा पनि सामाजिक र नैतिक मूल्य (अनौपचारिक नियन्त्रण) बाट समाधान गरेका छन्। नेपाली समाजमा कानुनभन्दा 'इज्जत' र 'मर्यादा' ले व्यक्तिको व्यवहारलाई बढी नियन्त्रण गर्छ भन्ने तथ्यलाई कथाले पुष्टि गरेको छ। मुरलीधरले भाइलाई अंश दिएर पनि उसको संरक्षण गर्नुले नेपाली समाजको संरक्षकवादी चरित्रलाई उजागर गर्दछ (गौतम, सन् २०२१) ।

## नतिजागत समीक्षा

### सामाजिक संरचनाको सन्दर्भ

गुरुप्रसाद मैनालीको 'कर्तव्य' कथा सामाजिक यथार्थवादी विषयवस्तुका सन्दर्भहरूमा संरचित सङ्कथन पाठ हो । धेरै दशकअघिको ग्रामीण परिवेशको नेपाली सामाजिक, वैयक्तिक, सांस्कृतिक सन्दर्भमा निर्मित यस कथाले समाजको एक प्रतिष्ठित पारिवारिक घटना र चरित्रलाई प्रतिनिधि बनाएको छ। वि.सं. २००७ सालको क्रान्ति एवम् परिवर्तनपछिको समाज र सन्दर्भलाई आधार बनाइएको कथाले सङ्क्रमणकालीन समय र परिवेशको चित्र प्रस्तुत गरको छ । यस कथामा समाख्याताले नेपालको ग्रामीण जनजीवनको भौगोलिक परिस्थिति/परिवेशगत सन्दर्भलाई चित्रण गर्दै त्यसबाट विविध संज्ञान सन्दर्भको निर्माण गरिएको छ। गंगाधरका क्रियाकलापका प्रसङ्गबाट सामाजिक वैयक्तिक सन्दर्भ तथा दाजुभाइबिचको सम्बन्धका विविध उतारचढावका प्रसङ्गले वैयक्तिक सन्दर्भको सङ्केत गरको छ भने समस्या समाधान गर्न वा झैझगडा मिलाउन पञ्चभलादमी राख्ने र अड्डामा मुद्दामामिला गर्ने, डिठ्ठा बिचारी, ऐन, कानुन आदिको प्रसङ्ग उल्लेखले न्यायिक सन्दर्भलाई प्रस्तुत गरिएको छ । राजनीतिक

पार्टीको सदस्य, चुनाव लडेर प्रधानपञ्च हुनु, आफूलाई प्रगतिवादी सम्झनु, चन्दा उठाउँदै हिड्ने घटना, जनक्रान्ति आदिको उल्लेखबाट कथाले राजनीतिक परिवेशको सन्दर्भ, जन्म, मृत्यु, कुटुम्ब, बिहेबारी, दुलहादुलही, मण्डप, जन्ती, खेतीपाती, पूजापाठ, सरसहयोग आदिले सामाजिक सांस्कृतिक सन्दर्भको निर्माण गरेका छन् । ती सन्दर्भहरूले कार्यकारण सम्बन्धको आधारमा विविध परिवेशको सङ्केत गर्दै सन्दर्भअनुसार सूचना र अर्थप्रवाह गरेका छन् । त्यसैले कर्तव्य कथाको रचना सन्दर्भको उद्देश्य वैयक्तिक, पारिवारिक, सामाजिक, सांस्कृतिक र मानसिक परिवेशबाट संज्ञानात्मक कर्तव्यबोधको महिमासहित आदर्शलाई विशिष्टीकृत गर्नु रहको छ ।

**कथागत सन्दर्भ**

प्रस्तुत कर्तव्य कथामा मुख्य सन्दर्भ र विभिन्न आश्रित सन्दर्भको संयोजन गरिएको छ । यस कथामा दाजुभाइबिचको सम्बन्ध मुख्य सन्दर्भका रूपमा आएको छ भने घरायसी व्यवहार, पारिवारिक झैझगडाका साथै अन्य रूपमा भौतिक सन्दर्भहरूमा स्थानगत र समयगत सन्दर्भ सूचकहरू सङ्कथन विशेष उल्लेखनीय रहेका छन् । भाषिक सङ्कथनमा सम्बोधक र सम्बोधितसँग सम्बद्ध वा पात्रसम्बद्ध बाबुछोरा, दाजुभाइ, श्रीमान्श्रीमती, दुलहादुलही, काकाभतिज, सम्धीकुटुम्ब आदिजस्ता विभिन्न सम्बन्धपरक सन्दर्भहरू रहेका छन् । यसका साथै पाठबाट प्राप्त हुने विशिष्ट ज्ञान, चिन्तन, विचार, दृष्टिकोण आदि पक्षसँग सम्बन्ध राख्ने विभिन्न संज्ञानात्मक सन्दर्भहरू पनि कर्तव्य कथामा प्रयुक्त भएका छन् । यस्ता संज्ञानात्मक सन्दर्भमा आएका विविध वैयक्तिक, सामाजिक तथा सांस्कृतिक परिवेशगत सन्दर्भहरूका माध्यमबाट कर्तव्य कथाको संज्ञान निहितार्थ प्रभावकारी ढङ्गले संयोजन गरिएको छ । गाउँका एक सम्भ्रान्त मुखिया व्यक्तित्व गंगाधरको केही दिनको बिरामीपश्चात् भएको मृत्युको सन्दर्भबाट कथा आरम्भ भएको छ । उनी सम्पन्नशाली, लोकप्रिय समाजसेवी र दानवीर थिए भन्ने कुरा गाउँघरमा उनले गरेका मानवीय कर्म र उनको निधनपछि गाउँलेले असहाय महसुस गरेका विविध स्मरणसन्दर्भको उल्लेख गरिएको छ ।

नेपाली समाजको प्रचलनअनुसार बाबुआमाको शेषपछि बचेको पैत्रिक सम्पत्तिमा छोराहरूको हक कायम हुन्छ भने जिउनी सम्पत्तिका सन्दर्भले विवाद उत्पन्न भएको छ । कर्तव्य कथामा गंगाधरका दुई भाइ छोरा मुरलीधर र श्रीधरका बिचमा जिउनीको विषयलाई लिएर भएको पारिवारिक विवादले जटिल मुद्दामामिलाको सन्दर्भ हुँदै उनीहरूको बोलचाल बन्द र पानी बारम्बारको चरमोत्कर्ष अवस्थामा पुगेको छ । 'कर्तव्य' कथाको निहितार्थलाई संज्ञानात्मक मोड दिन अर्को घटनाक्रमको विकास गरिएको छ । भाइले छोराको बिहेमा दाजुका परिवार कसैलाई पनि निम्ता नगरेको सन्दर्भले अंशको झगडा वंश रहेसम्म भन्ने नेपाली समाजमा परम्परित रूपमा प्रचलित उक्तिसन्दर्भलाई सङ्केत गरेको देखिन्छ । विवाहमा बहेलाको बाबु श्रीधर बिरामी परेर ओछ्यानमा लडेको अवस्थामा अल्लारे उमेरका उरन्ठेउला युवाहरूको जमातमात्र जन्ती हिँडेको परिदृश्यले दाजु मुरलीधरको विचलित मानसिकतामा पूर्वस्मृतिका रूपमा विविध सन्दर्भहरू आएका छन् । परिवारको महत्त्वपूर्ण बिहे कार्यमा बुज्रुक व्यक्तिको उपस्थिति र हनुपर्ने मान्यता र उरन्ठउेला भनेर सामाजिक जिम्मेवारीमा परिपक्व नभएका उमेरका मानिसहरूप्रति

अविश्वासको सन्दर्भ तथा पिताको गौरवमय विगत स्मृतिले विचित्रको मानसिक द्वन्द्वात्मक स्थितिको निर्माण भएको छ । तत्कालीन गाउँसमाजमा बाउबाजेको विरासतबाट प्राप्त सामाजिक प्रतिष्ठाको ख्याल गर्दै मुरलीधरले कुलघरानाको इज्जतका खातिर जेठोछोरो भएका नाताले त्यसलाई जोगाउने आफ्नो अभिभावकीय जिम्मेवारी महसुस गरेका छन् । बिहेमा निम्तोबिना नै सुटुक्क जग्गेमा पुगेर बहुलाको बाबुले गर्नुपर्ने कर्मकाण्ड वा विधिविधान पूरा गरेर कुलकुटुम्बका अगाडि उनले कायम राखेको आदर्श नैतिक व्यावहारिक सन्दर्भका रूपमा आएको छ ।

कथामा प्रस्तुत अर्थगत सन्दर्भको पक्षलाई हेर्दा यसमा आदर्शवादी/परम्परावादीको जित र परिवर्तनवादीको हार हुनेजस्तो द्वन्द्वात्मक परिवशेको निर्माण पनि भएको छ । यिनै वैयक्तिक, सामाजिक सांस्कृतिक तथा मानसिक परिवेशबाट संज्ञानात्मक सन्दर्भहरूको परस्पर संयोजन गरी कर्तव्य कथाको सङ्कथन संरचना तयार भएको छ ।

## वैयक्तिक सन्दर्भ

कुनै पनि पाठमा आउने पात्रहरूका माध्यमबाट व्यक्तिनिष्ठ सन्दर्भ सिर्जित हुन्छ । मूलतः पात्रको स्थिति, मनस्थिति, मनोदशा, विचार आदिमा आधारित सन्दर्भलाई वैयक्तिक सन्दर्भ भनिन्छ । प्रस्तुत कर्तव्य कथामा घटनालाई सन्दर्भित गर्ने विभिन्न पात्रहरूको प्रयोग भएको छ । तिनै पात्रहरूको सहभागिता, भूमिका र विविध भावपरिमण्डल वा मनोदशाबाट सिर्जित परिवेशका कारण विषयको मूलभावले सान्दर्भिकता र सार्थकता प्राप्त गरेको छ । नेपाली सामाजिक संरचनाको पारिवारिक विषयवस्तुमा सिर्जित कथामा बाबु गंगाधरको निधन भइसकेको सन्दर्भ उल्लेख गरिए पनि उनका व्यक्तिगत चरित्र एवम् कार्यहरूको प्रसङ्गले कथानक विकासका लागि आवश्यक विभिन्न सामाजिक, सांस्कृतिक सन्दर्भहरूको निर्माण पनि गरेका छन् । नेपाली हिन्दू आर्य संस्कृतिमा निर्मित पारिवारिक संरचनाको सन्दर्भ यस कथाको मूल आधार हो जसमा प्रयुक्त सहभागीहरू उनकै दुई सन्तान मुरलीधर र श्रीधरबिच सहोदर दाजुभाइको रगतको नाता छ । पारिवारिक रक्तसम्बन्धको अटुट साइनो भएका दाजुभाइ मुरलीधर र श्रीधरबिच पुर्ख्यौली भौतिक सम्पत्तिका निम्ति दुस्मनीपूर्ण व्यक्तिगत सम्बन्ध बनेको छ । प्रस्तुत 'कर्तव्य' कथामा प्रयुक्त चरित्रहरूको व्यक्तिगत सम्बन्ध र संज्ञानात्मक अर्थ प्रस्ट्याउने विभिन्न सन्दर्भ सूचनाहरू रहेका छन् । प्रस्तुत कथामा कथाकारले कर्तव्यनिष्ठा र त्यसको आदर्श स्वरूपलाई पारिवारिक सम्वन्धका सन्दर्भमा प्रस्तुत गरेका छन् (भट्ट, २०६०, पृ. १३०) । कुनै पनि मानिसको पहिचान उसको कर्तव्यबोधले गराउँछ । यसैका कारण मानिसको जित हुन्छ र समाजमा पनि सधैँभरि प्रतिष्ठा रहिरहन्छ ।

सामाजिक सांस्कृतिक सन्दर्भको निर्माणका लागि व्यक्तिगत सन्दर्भ महत्त्वपूर्ण कडी बन्न सक्दछ भन्ने साक्ष्यहरूमध्ये अंशको किचलोले छुट्टिएर बसेका दाजुभाइमध्ये श्रीधर बिरामी भएर आफ्नै छोरोको बिहेमा उपस्थित भई पिताको भूमिका निर्वाह गर्न नसक्दाको विवशताले कारूणिक परिवेश सृजित भएको छ । भतिजोको बिहेमा परिपक्व अभिभावकको अभाव र अल्लारे जन्तीहरू देखेर मुरलीधरको मनस्थिति

द्वन्द्वपूर्ण देखिनु, बिहमा निम्ता नगरे पनि कर्तव्यबोधले सहभागी हुने कुरामा उनकी श्रीमतीले विमति जनाउँदा पनि मुरलीधरले परिवारको इज्जत र कर्तव्य सम्झेर बिहेमा सम्धीको भूमिका निर्वाह गरेको सन्दर्भले पात्रका विभिन्न मानसिकताको प्रस्तुत 'कर्तव्य' कथामा प्रयुक्त चरित्रहरूको व्यक्तिगत सम्बन्ध र संज्ञानात्मक अर्थ प्रस्ट्याउने विभिन्न सन्दर्भ सूचनाहरू रहेका छन् ।

### संज्ञानात्मक सन्दर्भ

पाठकले पाठ पढेर जे बुझ्छ अनि जे निष्कर्ष निकाल्छ । त्यही नै पाठको संज्ञानात्मक अर्थ हो भने यो प्रयोक्तको आशयको खोजीको समग्र निष्कर्ष वा पाठ सुनेर, पढेर प्राप्त हुने समग्रार्थ पनि हो । 'कर्तव्य' कथाको संज्ञानात्मक अर्थ दाजुभाइको वैयक्तिक सम्बन्धमा अनेक किसिमका झैझमेला तिक्तताहरू आउँछन् तर जतिसुकै मनमोटाव भए पनि हरेक सुखदुःखमा पारिवारिक सम्बन्धमा आफ्नो कर्तव्य पूरा गर्न पछि हट्नु हुँदैन भन्ने संज्ञान मूल रूपमा आएको छ । दैनिक व्यवहारमा प्रयोग हुने एउटै सन्दर्भसम्बद्ध कार्यले पनि फरकफरक संज्ञान/अर्थ दिन्छन् । सामाजिक, सांस्कृतिक र भाषिक समुदायद्वारा संज्ञान नियमित प्रक्रियाका रूपमा पूर्वकल्पना वा अनुमानको रूपमा स्वीकार गरिएको हुन्छ।

संज्ञानात्मक सन्दर्भ मानिसको संज्ञानात्मक अवधारणासँग जोडिएको हुन्छ र संज्ञान प्राकृतिक वा औपचारिक भाषामा अभिव्यक्त गरिने विचार वाक्यका रूपमा व्याख्या गरिएका हुन्छन् । कथामा प्रयोग भएका वाक्यहरूका बिचमा हुने पारस्परिक सम्बद्धताले सन्दर्भ सिर्जना गर्दछ भने ती सन्दर्भहरूद्वारा प्रस्तुत हुने विशिष्ट अर्थलाई संज्ञानात्मक अर्थ भनिन्छ (ह्यालिडे र हसन, १९७६, पृ. २३-२७) । भौतिक परिवेश, सहभागीको उपस्थिति, अन्तर्क्रिया, सामाजिक सम्बन्ध, सांस्कृतिक, जातीय, लैङ्गिक परिचयका साथै अन्य विविध पक्षहरू सन्दर्भअन्तर्गत पर्दछन् । सङ्कथन पाठ विश्लेषणमा त्यसभित्र अन्तर्निहित भएका विभिन्न परिस्थितिगत सन्दर्भहरूलाई खोजी त्यसकै आधारमा संज्ञान पत्ता लगाइन्छ। कथामा घटनावस्तु, सहभागी पात्रका क्रियाकलाप, भाषिक प्रयोग वा संवाद आदिबाट परिस्थितिगत सन्दर्भको सिर्जना हुन्छ।

### सांस्कृतिक सन्दर्भ

कुनै पनि समाजमा व्यक्ति, समाज र संस्कृति एकअर्काका परिपूरक वा अन्योनयाश्रित सम्बन्धमा बाँधिएका छन् । त्यसैले सङ्कथन पाठमा प्रयोग भएको भाषा र सन्दर्भको स्वतः स्वाभाविक रूपमा व्यक्ति वा समुदायले सहज प्रयोग गरिरहेका हुन्छन् भने तिनको अर्थ ग्रहणयुक्ति र समुदायको चेतना नै यही भाषिक सङ्कथनको सांस्कृतिक मोडेल मानिन्छ। मानिसका जीवनपद्धति, सोचविचार, क्रियाकलाप, रहनसहन, व्यवहार आदिले सांस्कृतिक झलक दिन्छन् र तिनमा अन्तरनिहित सूचनाले संज्ञानात्मक अर्थ प्रकट पनि गर्दछन् । 'कर्तव्य' कथाले नेपाली हिन्दू समाजको आर्यसंस्कृतिलाई प्रस्तुत गरेको छ जसमा जीवनका महत्त्वपूर्ण जन्म, बिहे, मृत्युसंस्कारदेखि गरिब असहायलाई गरिने दानधर्म, बेमेल, मुद्दामामिला आदिको सन्दर्भ चर्चा गरिएको छ : "उनको जीवनकालमा कसैको बिहा-बर्तुन, क्रिया-श्राद्ध, दसैंतिहार अड्केन" (मैनाली, २०७१, पृ. ७८) । नेपाली समाजमा छोरीलाई अंश र वंशको हकदार नमान्ने प्रचलन

सांस्कृतिक सन्दर्भका रूपमा रहको छ "मुरलीधरका दुई छोरी मात्र थिए । उनका छोरा थिएनन् ।" भन्ने समाख्याताको टिप्पणीले 'मरेपछि खाने तिनै हुन्' भनेर मुरलीधरले भाइभतिजालाई सङ्केत गर्दै भनेको प्रसङ्गले पनि यसै पितृसत्तात्मक संस्कृतिलाई पुष्टि गरेको छ । "आज एकादशी भनेर पण्डित बाजेले केही पनि खानु भएन, भोकै आउनु भो" भन्ने कथनले हिन्दू धार्मिक संस्कारको सन्दर्भ सङ्केत गरेको छ (मैनाली, २०७१, पृ. ७९) । कथाको पृष्ठभूमिमा गंगाधरको परोपकारी व्यक्तित्व सन्दर्भको चर्चाले सामाजका अगुवा आशामुखी आश्रित समुदायलाई गर्ने विभिन्न सरसहयोग, आडभरोसा, हरेविचार र समाजसेवाको संस्कृति, त्यसबाट आर्जित सामाजिक मानप्रतिष्ठाले बढाएको मानवीय व्यवहारका विविध भूमिकाहरू नै कथामा प्रस्तुत सांस्कृतिक सन्दर्भ हुन् ।

**मुख्य विश्लेषण**

आदर्शवादी पात्र गंगाधरका र उनको परिवारको घटनालाई प्रस्तुत गर्दै गाउँलेको सामाजिक आकाङ्क्षा केकस्ता हुन्छन् भन्ने देखाइएको छ । कथामा यथार्थमाथि प्रकाश पार्नका लागि ग्रामीण घटनाका आधारमा गंगाधर, मुरलीधर, श्रीधर, शशीधर तथा गाउँलेजस्ता पात्र खडा गरेका छन् । यिनै गंगाधर मुरलीधर र श्रीधरकाबिच पैतृक सम्पत्तिको भागवण्डामा देखिएको कटुतालाई विषयवस्तु बनाएर लेखिएको कथा हो । मुरलीधर र श्रीधरको विवादमा बाँडिएको वर्ग वा समुदायलाई प्रस्तुत कथाले विभाजनका रूपमा प्रस्तुत गरेको छ । एकथरी गाउँलेहरू मुरलीधरका पक्षमा उत्रेका छन् भने अर्काथरी गाउँले श्रीधरका समर्थनमा लागेको देखिन्छ ।

**पारिवारिक विघटन र आर्थिक पक्ष** : नेपाली समाजमा 'अंशबन्डा' केवल सम्पत्तिको बाँडफाँड मात्र नभई यो भावनात्मक सम्बन्धको विच्छेद पनि हो । वासुदेवले आफ्नो अंश खोज्नु र दाजुसँग अलग हुनुले तत्कालीन समाजमा बढ्दै गएको व्यक्तिवादी सोचलाई देखाउँछ । "आर्थिक स्वार्थले रगतको नातालाई ओझेलमा पार्ने प्रवृत्ति नेपाली ग्रामीण समाजको एउटा तितो यथार्थ हो (पौडेल, सन् २०२१, पृ. ४५) ।"

**साहित्य र समाजको अन्तरसम्बन्ध** : साहित्य समाजको ऐना मात्र नभएर यो समाज सुधारको माध्यम पनि हो । मैनालीका कथाहरूमा "जस्तो छ त्यस्तै" (यथार्थ) चित्रण गरिए पनि अन्त्यमा "जस्तो हुनुपर्छ" (आदर्श) भन्ने दृष्टिकोण प्रस्तुत गरिएको छ । 'कर्तव्य' कथामा वासुदेवको विद्रोह यथार्थ हो भने नारायणको क्षमाशीलता आदर्श हो ।

**पितृसत्तात्मक संरचना र जेठोको भूमिका** : कथामा नारायण (दाजु) ले निभाएको भूमिकाले नेपाली समाजको परम्परागत मर्यादालाई कायम राखेको छ । समाजले जेठो दाजुलाई पितापछिको अभिभावक स्वीकार गर्दछ । नारायणले भाइको गल्तीलाई सामाजिक प्रतिष्ठाका लागि लुकाउनु र भाइलाई पुनः अँगाल्नुले सामाजिक एकताको पक्षपोषण गर्दछ ।

**लैङ्गिक दृष्टिकोण** : कथामा महिला पात्रहरूको भूमिका सहायक भए पनि उनीहरूलाई पारिवारिक

कलहको आधारका रूपमा प्रस्तुत गरिएको छ । ललिता (वासुदेवकी पत्नी) र नारायणकी पत्नीबिचको सम्बन्धले समाजमा महिलाहरूबिचको आपसी ईर्ष्याले कसरी घर फुट्छ भन्ने परम्परागत सामाजिक बुझाइलाई प्रतिबिम्बित गर्छ (श्रेष्ठ, २०७५) ।

**सामाजिक द्वन्द्व र समाधानको प्रक्रिया** : कथामा द्वन्द्वको सुरुवात 'स्वार्थ' बाट हुन्छ र अन्त्य 'कर्तव्य' मा पुगेर टुङ्गिन्छ । समाजशास्त्रीय दृष्टिकोणबाट यो एक प्रकारको सामाजिक पुनर्गठन हो । द्वन्द्वका कारक सामाजिक प्रभाव समाधानको सूत्र सम्पत्ति मोह (अंश) पारिवारिक विग्रह, क्षमा र उदारता व्यक्तिगत अहङ्कार, सामाजिक एक्लोपन, कर्तव्यबोध, कानुनी लडाइँ, आर्थिक क्षति र मेलमिलाप आदिलाई लिइएको देखिन्छ ।

## कर्तव्य कथामा विश्वदृष्टि

प्रस्तुत कथा नेपाली ग्रामीण समाजको दाजुभाइबिचमा पैतृक सम्पत्तिको झगडाको केन्द्रको पृष्ठभूमिमा आधारित कथा हो । पैतृक सम्पत्तिमाथि कसको कति हकअधिकार लाग्ने बाबुआमाको जिउनी कानुनतः कसले पाउने, व्यावहारिक रूपमा कसरी विभाजन गर्ने भन्ने असमान व्यवहारका कारण समाजमा दुईओटा धारमा विभक्त भएको देखिन्छ । एउटा धार, धर्म, संस्कृति र कलाको पक्षधर मा पुरातनवादी सोच भएका वृद्धवृद्धाको समूह वा समुदाय र अर्कोधार नवीन विचार विश्वको बदलिँदो परिवेशसँग समेटिन खोज्दै युवा विचारलाई प्रतिनिधित्व गर्ने समूह वा वर्गको रूपमा विभक्त देखिन्छ । आफ्ना कर्तव्य कसैगरी पनि भुल्नु हुँदैन, ईश्वरको चिन्तन सद्विचार र सद्भावभन्दा जीवनमा ठूलो उपलब्धि केही छैनन् भन्ने धारणा यो वर्ग वा समुदायको विश्वदृष्टिका रूपमा आएको देखिन्छ ।

कथामा गंगाधर पात्रको रूपमा आदर्श वाक्य बोल्दै यसरी प्रस्तुत भएका छन् उनी एक महान् पुरुष थिए । आफ्ना विपुल सम्पत्तिलाई उनी सधैँ जनताको थैली भन्थे र आफूलाई त्यस सम्पत्तिको केवल एउटा सञ्चालक मात्र सम्झन्थे । गरिबको चुलोमा आगो नचलेको र सुत्केरी भोको रहेको समाचार सुन्नेबित्तिकै बोलाएर चाहिँदो अन्न पैसा दिई पठाउँथे । कसैले तिर्ने भाका सोध्यो भने सके तिर्नु नसके तिमीहरूकै हो भन्ने जवाफ दिन्थे (मैनाली, २०७१, पृ. ८९) । गंगाधर आदर्श र उदारवादी देखिएता पनि उनी आफ्ना सत्ता टिकाउन वा समाजको नजरमा सदासर्वदा राम्रो हुन वा हैकम चलाउन यस्ता प्रपञ्च रचेका हुन् भन्ने विश्वदृष्टि पनि देख्न सकिन्छ । गरिबका चुल्होमा आगो नबल्दा, सुत्केरी महिलाले खान नपाउँदा आफूले सकेको सहयोग गर्नु भनेको उनको आफ्ना सत्ता टिकाउने जुक्ति हो भन्न सकिन्छ ।

यहाँ कथाकारले कथामा आदर्श पात्र जो समाजको सधैँ हितमा लागेका छन् । सहयोग गर्नु उनको धर्म हो भन्ने विचारधारालाई प्रस्तुत गरेका छन् । कथामा कथाकार मात्र नभई उनीसँग गंगाधर, मुरलीधर तथा अन्य बुज्रुक व्यक्तित्वहरू यो वर्ग वा समुदायमा देखिएका छन् । उनीहरूको विश्वदृष्टि धर्म, संस्कृति र कलाको जगेर्नाबाट समाज चल्नुपर्छ । नैतिक आदर्शलाई आत्मसात् गर्दै सभ्यसमाज निर्माण गरिनुपर्छ भन्ने रहेको छ । कथाकार पनि यही विश्वदृष्टिमा सामेल भएका छन् ।

### 'कर्तव्य' कथाको समाजशास्त्रीय विश्लेषण

**सामाजिक पृष्ठभूमि** : गुरुप्रसाद मैनालीको 'कर्तव्य' कथा नेपाली ग्रामीण समाजको सामाजिक बनोट र पारिवारिक सम्बन्धको एक जीवन्त प्रतिविम्ब हो । समाजशास्त्रीय दृष्टिकोणले साहित्यलाई समाजको उत्पादन मानिन्छ, जहाँ कथाका पात्रहरूले समाजका प्रचलित मूल्य र मान्यतालाई बोकेका हुन्छन् । यस कथामा तत्कालीन नेपाली समाजको संयुक्त परिवार प्रणाली, अंशबन्डाको कानुनी प्रक्रिया र भ्रातृत्वको नैतिक बन्धनलाई मुख्य विषय बनाइएको छ । मैनालीले आदर्शोन्मुख यथार्थवादमार्फत व्यक्ति र समाजबिचको द्वन्द्वलाई चित्रण गर्दै व्यक्तिको 'स्वार्थ' भन्दा समाजको 'मर्यादा' उच्च हुन्छ भन्ने कुरालाई स्थापित गरेका छन् (मैनाली, १९७१) ।

**सामाजिक यथार्थ र आदर्शको सन्तुलन** : नेपाली साहित्यका विशिष्ट समालोचक लक्ष्मणप्रसाद गौतमका अनुसार गुरुप्रसाद मैनालीका कथाहरूले केवल समस्या मात्र देखाउँदैनन्, समाधानको मार्ग पनि प्रस्तुत गर्छन् । उनले 'कर्तव्य' कथाको सन्दर्भमा उल्लेख गरेका छन्, "मैनालीका पात्रहरू सामाजिक द्वन्द्वको भूमरीमा परेर पनि अन्ततः नैतिक मूल्यको धरातलमा ओर्लिन्छन्, जसले गर्दा समाज विखण्डन हुनबाट जोगिन्छ (गौतम, सन् २०२१) ।" यसले के पुष्टि गर्छ भने, श्रीधरको पश्चात्ताप केवल एउटा भाइको व्यक्तिगत भावना मात्र नभई सामाजिक मर्यादा जोगाउने एक अनिवार्य सर्त हो ।

**पारिवारिक विघटन र आर्थिक आधार** : समाजशास्त्रीय दृष्टिकोणबाट नेपाली साहित्यको अध्ययन गर्ने अभि सुवेदीले नेपाली कथामा सम्पत्ति र सम्बन्धको द्वन्द्वलाई मिहिन ढङ्गले केलाउनुभएको छ । सुवेदी (सन् २०१५) का अनुसार, "नेपाली ग्रामीण मध्यम वर्गीय समाजमा 'अंश' नै सबैभन्दा ठुलो सामाजिक र पारिवारिक कलहको बिउ हो । यसले रगतको नातालाई समेत कानुनी कठघरामा उभ्याउँछ ।" 'कर्तव्य' कथामा वासुदेवले अंशको माग गर्नुले तत्कालीन समाजको यही आर्थिक यथार्थलाई प्रतिबिम्बित गर्दछ ।

**पितृसत्ता र सामाजिक मर्यादा** : समाज र साहित्यको अन्तरसम्बन्धका व्याख्याता केशवराज पाण्डेले मैनालीका कथामा पितृसत्तात्मक संरचनाको प्रभावलाई जोड दिएका छन् । पाण्डे (२०७८) का अनुसार, "नेपाली समाजमा जेठो दाजु केवल परिवारको सदस्य मात्र नभएर एउटा 'संस्था' हो । जसको निर्णय र क्षमाशीलताले समाजको परम्परागत मर्यादालाई जीवित राख्छ ।" मुरलीधरले श्रीधरलाई माफ गर्नुलाई पाण्डेले सोही परम्परागत प्राधिकारको निरन्तरताका रूपमा हेरेका छन् ।

**यथार्थवाद र सुधारवादी दृष्टिकोण** : समालोचक मतिप्रसाद श्रेष्ठले मैनालीका कथाहरूमा पाइने 'आदर्शोन्मुख यथार्थवाद' को चर्चा गर्दै 'कर्तव्य' कथालाई एक सुधारवादी औजारका रूपमा व्याख्या गरेका छन् । श्रेष्ठ (२०७५) का अनुसार, "मैनालीले समाजमा विद्यमान खराब पक्ष (यथार्थ) लाई देखाएर त्यसलाई मानवीय प्रेम र कर्तव्य (आदर्श) द्वारा सुधार्न सकिन्छ भन्ने सन्देश दिएका छन् ।" यसले समाजलाई स्थिरता र एकतातर्फ लैजान मद्दत गर्दछ ।

## सामाजिक सन्देश

गुरुप्रसाद मैनालीको 'कर्तव्य' कथाले नेपाली सामाजिक जीवनका बहुआयामिक पक्षहरूलाई उजागर गर्दै एक उच्च नैतिक सन्देश प्रवाह गरेको छ । यस कथाको मुख्य सन्देश "नातावाद र व्यक्तिगत स्वार्थभन्दा सत्य र सामाजिक न्याय सर्वोपरि हुन्छ (त्रिपाठी, २०४८) ।" नेपाली समाजमा आफ्नो मान्छेलाई बचाउनका लागि सत्यलाई तोडमोड गर्ने वा मौन बस्ने जुन प्रवृत्ति छ, त्यसलाई यो कथाले कडा चुनौती दिएर चिरफार गरेको छ । कथाकारले आफ्नै नातेदार वा मित्रको विरुद्धमा उभिएर भए पनि न्यायको रक्षा गर्नु नै वास्तविक 'कर्तव्य' हो भन्ने आदर्श स्थापित गरेका छन् । यसले समाजमा 'आफ्नो' र 'विरानु' भन्दा माथि उठेर विवेकपूर्ण निर्णय लिन प्रेरित गरेको देखिन्छ । यसका साथै, कथाले ग्रामीण समाजमा विद्यमान ससाना कलह, जमिनसम्बन्धी विवाद र इखले निम्त्याउने विनासकारी परिणामप्रति पनि सचेत गराएको छ । एउटा सामान्य अहम्ले कसरी दुई परिवारबिच शत्रुता पैदा गर्छ र त्यसले न्यायिक झमेला निम्त्याउँछ भन्ने यथार्थलाई कथाले प्रस्तुत गरेको छ । तर, मैनालीले यहाँ केवल समस्या मात्र देखाएका छैनन्, बरु 'हृदय परिवर्तन' मार्फत समाधानको बाटो पनि देखाएका छन् । मानिस जतिसुकै इखालु भए पनि उसको भित्री विवेक मरेको हुँदैन र यदि त्यो विवेक जागृत भयो भने समाजमा साँचो अर्थमा मेलमिलाप सम्भव हुन्छ भन्ने सन्देश यसले सम्प्रेषण गरेको छ ।

प्रस्तुत आलेखमा गुरुप्रसाद मैनालीको 'कर्तव्य' कथाको सामाजिक दृष्टिकोणबाट अध्ययन गर्दा यसले तत्कालीन नेपाली ग्रामीण समाजको संरचना, नैतिक मूल्य र मानवीय संमवेदनालाई उजागर गरेको छ । कथामा व्यक्तिगत अहङ्कार र पारिवारिक कलहभन्दा माथि उठेर सामाजिक उत्तरदायित्व र मानवीय धर्मलाई प्राथमिकता दिइएको देखिन्छ । यसले मैनालीको आदर्शोनमुख चिन्तनलाई पुष्टि गर्दछ । समाजशास्त्रीय दृष्टिले हेर्दा पात्रहरूले सङ्कटको समयमा देखाएको क्षमाशीलता र सहयोगको भावनाले सामूहिकतावादी चरित्रलाई झल्काउँछ । यसबाट के स्पष्ट हुन्छ भने समाजमा व्यक्तिगत स्वतन्त्रताभन्दा सामाजिक मर्यादा र कर्तव्यबोध बलियो हुन्छ भन्ने तथ्यलाई देखाएको छ । अन्ततः यो कथाले कानुनी न्यायभन्दा हृदयको न्याय र नैतिक विजयलाई ठूलो मान्दै सामाजिक सद्भाव कायम राख्न व्यक्तिले आफ्नो स्वार्थ त्यागनुपर्ने सन्देश दिएको देखिन्छ ।

## निष्कर्ष

निष्कर्षतः गुरुप्रसाद मैनालीको 'कर्तव्य' कथा नेपाली समाजको एक जीवन्त सामाजिक र नैतिक दस्तावेज हो । यस कथामा सामाजिक मर्यादा र व्यक्तिगत नाताबिचको द्वन्द्वलाई अत्यन्तै मार्मिक ढङ्गले चित्रण गरिएको छ । समाजमा सत्य र न्यायको रक्षा गर्नु नै व्यक्तिको परम कर्तव्य हो भन्ने कुरालाई यसले स्थापित गरेको छ । कथाले तत्कालीन ग्रामीण परिवेशलाई आधार बनाए पनि यसले दिएको निष्पक्षता र नैतिक साहसको सन्देश आजको आधुनिक समाजमा झन् बढी सान्दर्भिक देखिन्छ । अन्ततः व्यक्तिगत स्वार्थ र पारिवारिक मोहबाट माथि उठेर समाज र न्यायको हितमा काम गर्नु नै सभ्य समाज निर्माणको आधार हो भन्ने पुष्टि गर्दै यो कथाले आदर्शोन्मुख यथार्थवादी चेत

फैलाएको छ । कर्तव्य कथाले नेपाली समाजको शाश्वत मूल्य र मान्यतालाई समाजशास्त्रीय कसीमा उतारेको छ । समाजको यथार्थ चित्रण गरिएको यो सामाजिक कथाको रूपमा देखिएको छ । पैतृक सम्पत्तिका कारणले दाजुभाइका बिचको वैमनस्यता र वर्गविभाजनले नेपाली ग्रामीण समाजमा घटेका घटनासँग समानधर्मिता राख्दछ । नैतिक आदर्श र मर्यादालाई आत्सात गर्ने पुरानो पुस्ता र प्रगतिशील भन्ने नयाँ पुस्ताबिचको वर्गीय द्वन्द्वलाई प्रस्तुत गर्दै वर्तमान समयसम्म आइपुग्दासमेत यस्ता घटनाहरू समाजमा घट्दै गइरहेका कारण नेपाली समाजको वास्तविकतालाई कथाले उठान गरेको छ । नेपाली ग्रामीण समाजमा घटेको घटनालाई यथार्थवादी दृष्टिकोणबाट प्रस्तुत गर्दै समाजमा रहेका दुई वर्ग वा दुई पुस्ताको विश्वदृष्टि यहाँ प्रस्तुत भएको छ । समग्रमा व्यक्तिवादी सोचभन्दा सामूहिक र पारिवारिक हितलाई प्राथमिकता दिने समाजको वकालत यस कथाले गरेको छ । मैनालीको दृष्टिकोण सुधारवादी छ, जसले समाजमा विघटन होइन, बरु एकता र मेलमिलापको आवश्यकतालाई जोड दिएको पाइन्छ । कर्तव्यबोधले मानिसलाई समाजसँग जोड्छ र यही नै एक सभ्य समाजको आधारभूत सर्त हो भन्ने निष्कर्ष यस कथाले दिएको छ ।

## सन्दर्भ सामग्री सूची


उप्रेती, सन्जीव (२०६८), *सिद्धान्तका कुरा* (तेस्रो सं.), अक्षर क्रियसन्स ।

क्षेत्री, उदय (२०६४), *समाजशास्त्रीय दृष्टिमा इन्द्रबहादुर राईको आख्यानको अध्ययन,* विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय ।

जैन, निर्मला (सन् १९९२), *साहित्यका समाजशास्त्रीय चिन्तन,* (अनु. तथा सम्पा., दोस्रो सं.), मोडन टाउन ।

त्रिपाठी, वासुदेव (२०४८), *नेपाली कविताको इतिहास,* साझा प्रकाशन ।

पाण्डे, ताराकान्त (२०७८), छापामारको छोरो कथाको समाजशास्त्रीय विश्लेषण विश्वदृष्टिका परिप्रेक्ष्यमा, *शब्द संयोजन,* पृ. १९-२४ ।

..........(सन् २०१२), बसाइँ उपन्यासमा अनुभूतिका संरचना, *नेपाली अकादमी जर्नल,* उत्तरबंगाल विश्वविद्यालय, नेपाली विभाग, ८ (८), पृ. ६-७ ।

पाण्डे, केशवराज (२०७८), *नेपाली समाज र साहित्यको अन्तरसम्बन्ध,* पैरवी प्रकाशन ।

पौडेल, अच्युत (सन् २०२१), गुरुप्रसाद मैनालीका कथाहरूमा सामाजिक चेतना र कर्तव्यको द्वन्द्व, *साहित्यिक अनुसन्धान प्रत्रिका,* ५ (२), पृ. ४५-६० ।

बन्धु, चूडामणि (२०६२), *नेपाली साहित्यको इतिहास,* साझा प्रकाशन ।

भट्ट, सुशिला (२०६०), *गुरुप्रसाद मैनाली : व्यक्ति कृति,* नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

मैनाली, गुरुप्रसाद (२०७१), *नासो कथासङ्ग्रह,* (२० औँ सं.), साझा प्रकाशन ।

श्रेष्ठ, मतिप्रसाद (२०७५), *मैनालीका कथाहरूमा यथार्थवाद र आदर्शवाद,* नेपाली साहित्य पत्रिका, १२ (३), पृ. १५-२८ ।

शर्मा, तारानाथ (२०६५), *नेपाली साहित्यको ऐतिहासिक रूपरेखा,* साझा प्रकाशन ।

लुइँटेल, खगेन्द्रप्रसाद (२०६०), *नेपाली कथाको इतिहास,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

ह्यालिडे र हसन (१९७६), *कोहेजन इन इङ्लिस,* लङ्म्यान ग्रद्रप ।

Gautam, Laxmanprasad. (2021) Social realism in Nepali literature : A critical review. *Journal of Humanities and Social Sciences*. 4 (1), 112-115.

Goldman, L. (1975). *Towards a Socoology of the Novel*. (A. Sheridan, Trans.). Tavistock Publication. (Orginal work publised 1964)

Subedi, A. (2015). *The socio Nepali fiction*. Mandala Book Prakasan.